STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १ गते आइतबार ❑ 13 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## १७३ देशमा फैलियो नेपालको कूटनीतिक सम्बन्ध

**रासस**
**काठमाडौं, २९ माघ**

नेपाल र प्रजातान्त्रिक गणतन्त्र टिमोर-लेस्टेबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यो सँगै नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध भएका देशको सङ्ख्या १७३ पुगेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र सोही विश्व संस्थाका लागि उक्त मुलुकका स्थायी प्रतिनिधि कार्लिटो नुनेसले कूटनीतिक सम्बन्ध स्थापना गर्नेसम्बन्धी संयुक्त पत्रमा शुक्रबार हस्ताक्षर गर्नुभएको हो । दुवै राजदूतले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसलाई नेपाल र टिमोर-लेस्टेबीच कूटनीतिक सम्बन्ध स्थापना भएको जानकारी गराउने सम्बन्धी संयुक्त पत्रमा पनि शुक्रबार नै हस्ताक्षर गर्नुभएको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नेपाली नियोगले आज जनाएको छ । त्यस अवसरमा दुवै देशका राजदूतले राष्ट्रिय तथा बुहपक्षीय परिवेशमा विशेषगरी राष्ट्रसङ्घीय मञ्चहरूमा साझा हितका विभिन्न विषयमा द्विपक्षीय सहयोगलाई अझ सुदृढ तुल्याउने विषयमा विचार आदान-प्रदान गर्नुभएको थियो ।

प्रजातान्त्रिक गणतन्त्र टिमोर-लेस्टे दक्षिणपूर्व एशियामा अवस्थित १५ हजार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको देश हो । तेह्र लाख ७० हजार जनसङ्ख्या भएको उक्त देशले २७ सेप्टेम्बर २००२ मा राष्ट्रसङ्घको १९१औँ सदस्यको रूपमा प्रवेश पाएको हो । नेपाल र टिमोर-लेस्टे असंलग्न आन्दोलनका सदस्य हुन् ।

## शैक्षिक संघ संस्था तथा होटल रेष्टुरेण्ट संचालन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ माघ**

कोभिड १९ अन्य जिल्लाको तुलनामा कास्कीमा अझै सोचे अनुसारको संक्रमण दर घट्न नसकेकोले यही फागुन १ गतेदेखि केही निश्चित क्षेत्रलाई आवश्यक स्वास्थ्य मापदण्डका आधारमा मात्र संचालनको अनुमति दिइने भएको छ ।

यो हप्ता करिब ३० प्रतिशत कोरोना संक्रमण कास्कीमा रहेकोले गर्दा पनि फागुन एकदेखि शैक्षिक संघ संस्था, होटल तथा रेष्टुरेण्ट, धार्मिक विभिन्न कार्यक्रम गर्दा पार्टी प्यालेसमा बढीमा ५० जनासम्मको उपस्थिती जनाउन पाइने प्रावधान राखिएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ । सिनेमा हल, डान्स बार, दोहोरी, नाच घर, क्लव, हेल्थ क्लव, जिम खाना, स्वीमिङपुल, फुटसल, पटके हाटबजार, स्पाः सेन्टर, ब्यूटिपार्लर र मानिसहरु भिडभाड हुने सबै प्रकारका, सबै प्रकारका आमसभा, जुलुस, सभा वा धेरै मानिस भेला हुने क्रियाकलापहरु अर्को सूचना प्रकासन नहुदासम्म हाल संचालन नगर्न प्रशासनले शुक्रबार जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरेको छ । फागुन एक गतेदेखि लागु हुने गरी बिद्यालय, विश्वबिद्यालय, कलेज, ट्यूशन सेन्टरहरु, भौतिक उपस्थितीमा संजाल हुने तालिम वा अन्य प्रकारका शैक्षिक कृयाकलाप संचालन गर्न अनुमति दिइएको कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताए । सार्वजनिक यातायातमा यात्रुहरुलाई अनिवार्य मास्क, सेनिटाइजर सहितको आवश्यक स्वास्थ्य मापदण्ड पालना गराउने, मास्क विनाका यात्रुलाई बढीमा प्रति मास्क ५ लिन सक्ने भएका छन् ।

त्यसको लागि भने तोकिएको स्वास्थ्य मापदण्ड पालना गर्दै भौतिक दुरी कायम गर्ने, माथिल्लो र तल्लो तहको बिद्यार्थीहरुको आगमन फरक फरक बनाउने गरी लामो दुरीका सवारी साधन र हवाईजहाजबाट यात्रा गर्नुपूर्व खोप कार्ड वा कोभिड १९ को नेगेटिभ रिपोर्ट भएको प्रमाण आफ्नो साथमा राख्ने र सो अनुरुपको मात्र यात्रा अनुमति दिने भएको प्रजिअ आचार्यले बताए ।

होटल तथा रेष्टुरेण्टको हकमा समेत स्वास्थ्य मापदण्ड पालना गराउदै राति १०:०० बजेसम्मको लागि संचालनको अनुमति दिएको प्रशासनले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ । कोभिड १९ सम्बन्धी आदेश प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिने भएको प्रजिअ आचार्यले जनाए । अनुगमनको क्रममा यस आदेशको अवज्ञा भएको पाइउमा प्रचलित कानून बमोजिम कारबाही हुने आचार्यले चेतावनी दिएका छन् ।

धार्मिक एवं सास्कृतिक जात्रा, पर्व, विवाह, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान लगायतका आत्यावश्यक परम्परागत क्रियाकलापहरु पार्टी प्यालेसमा संचालन गर्दा ५० जना भन्दा बढी नहुने गरी संचालन गर्न पाउने, सपिङ मल, डिपार्टमेन्टल स्टोर्स, सुपर मार्केट वा कुनै प्रकारको पसलहरु संचालन गर्दा बढीमा ५० जना भित्र सहभागि हुने गरी संचालनको अनुमति दिएको प्रजिअ आचार्यले जनाए ।

## आठ सय ३६ संक्रमित

**रासस**
**काठमाडौं, २९ माघ**

कोरोना भाइरसको सङ्क्रमण घटदै गइरहेको छ । शनिबार ६ हजार ६५४ जनामा कोरोना परीक्षण गर्दा ८३६ जनामा सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको वुलेटिनमा कुल परीक्षण गरिएकामध्ये १२.६ प्रतिशतमा मात्र सङ्क्रमण देखिएको छ । मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या २६ हजार १०२ जना रहेका छन् । पछिल्लो समय एक हजार ८२६ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ३४ हजार ६४८ पुगेको छ । निको हुने दर ९६.१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

विगत २४ घण्टामा चार जनाको सङ्क्रमणको कारणले निधन भएको छ । अहिलेसम्म ११ हजार ८८२ जनाको सङ्क्रमणका कारणले निधन भएको छ । यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १३ पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, कास्की,बाके, रुपन्देही, र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १२ जिल्ला रहेका छन् । ति जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, नवलपरासी पूर्व, तनहुँ, पाल्पा, दाङ र र कन्चनपुर रहेका छन् । शून्य सङ्क्रमित भएको एक मात्र जिल्ला मनाङ रहेको छ । नेपालमा सङ्क्रमण दर १८.२ प्रतिशत रहेको छ । हाल होम आइसोलेसनमा २५ हजार १४१, संस्थागत आइसोलेसनमा १६१, आइसियुमा २०० र भेन्टिलेटरमा ३४ जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा आज दुई लाख ८८ हजार ८३७ जनाले खोप लगाएका छन् ।

## एमसीसीले ठुलो थ्रेट ल्याएको छ तर हामी झुक्दैनौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ माघ**



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले एमसीसी परियोजनाले ठुलो थ्रेट ल्याएको बताउदै त्यसमा नेपाली झुक्न नहुने बताउनु भएको छ । माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले शनिबार पोखरा १८ तथा २३ क्षेत्रमा विकास निर्माणका योजनाहरुको निरिक्षण गर्न पुगेको अबस्थामा स्थानिय माझ एमसीसी परियोजनाले नेपाली राजनीतिमा ठुलै हलचल ल्याउन खोजेको उल्लेख गर्दै नेपालको राष्ट्रियता र स्वाभिमान गुम्ने गरी कुनै पनि हालतमा लागु गर्न नहुने बताउनु भएको हो ।

अमेरीकाले एमसीसी मार्फत नेपालमा आफ्नो गतिविधि बढाउन खोजेको उहाँले बताउनु भयो । मन्त्री बरालले भन्नुभयो "अहिले हामी गरिब भए पनि स्वाभिमान ढंगले बाच्न त पाएका छौं तर ५५ अर्बको कारण हाम्रो स्वाभिमान गुम्न दिन हुदैन, सैन्यगठबन्दन र नेपालको संविधान विपरित हामीले अनुदानको नाममा कुनै देशसंग सहयोग लिन आवश्यक हुदैन ।" नेपाली राजनीतिमा एमसीसीले ठुलो थ्रेट ल्याएको दाबी गर्दै मन्त्री बरालले यसको कारण नेपाली राजनिती धुर्वीकरणमा जाने स्थिती भएकोले समयमै सचेत रहन समेत सुझाव दिनु भएको छ । उहाँले भन्नु भयो "नेपाली स्वाभिमान र राष्ट्रियता नै झुकाउने प्रकारको एमसीसी परियोजना संसोधन बिना स्विकार्यन हुदैन बरु गरिब भए पनि स्वाभिमान पूर्ण ढंगले नेपाली भएर हामी बाच्छौं ।"

एउटा समुहले जे भए पनि एमसीसी पास गर्ने रणनितीमा रहेको उल्लेख गर्दै मन्त्री बरालले आफुहरुले पहिले देखि नै केही बिबादित मुद्धमा पुनः संसोधन गरेर एमसीसी लागुपर्ने पक्षमा ओकालत गर्दै आएको समेत जनाउनु भयो । संघियता मन नपराउनेहरुले संघियता माथि प्रश्न उठाएको बताउदै मन्त्री बरालले ठुलो सर्घष र बलीदानबाट प्राप्त संघियताले घर घरमा सिंह दरबारको अधिकार पुगेको जनाउनु भयो ।

यसैबिच पोखरा १८ को भकुण्डे स्थित भकुण्डे युवा मंचले हालै निर्माण गर्न लागेको फुटवल मैदानको शनिबार अवलोकन गर्दै मन्त्री बरालले जनस्तरबाट खेल मैदान निर्माणको लागि धेरै काम अघि बढेकोले बाँकी रहेको काम पुरा गर्न पहल गर्ने जनाउनु भयो । मंचले एक सय लम्बाई र ४० मिटर चौडाईको खेल मैदान निर्माण गर्न लागेको मंचका अध्यक्ष सन्तोस अधिकारीले बताए । कार्यक्रममा माओबादी केन्द्र पोखरा १८ का अध्यक्ष राजु तिमिल्सिना, मिलन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसको १६ जिल्लाको अधिवेशन फागुन १३ गते

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ माघ**

नेपाली कांग्रेसले कोभिड १९ का कारण स्थगित गरेका १६ जिल्लाको अधिवेशन आगामी फागुन १३ गते हुने जनाएको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिको आज बसेको बैठकले कोभिड १९ को जोखिम र सङ्क्रमण न्यून हुदै गइरहेको अवस्थामा ती जिल्लाको अधिवेशनको मिति तोकेको हो । कांग्रेसको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पृथ्वीराजमार्ग खण्डमा दुई हजार दुई सय रूख कटान

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ माघ**



पृथ्वीराजमार्ग सडक खण्डअन्तर्गत तनहुँको जामुनेदेखि कोत्रेपुलसम्म दुई हजार दुई सय रूख कटान गरिएका छन् । म्यादे गाउँपालिकाको जामुनेदेखि जिल्लाको पश्चिम नाका शुक्लागण्डकी नगरपालिकाको कोत्रेसम्म सडकका दायाँबायाँ रहेका रूख कटान गरिएका हुन् ।

पृथ्वीराजमार्गको सडक विस्तार गर्ने क्रममा असर पुऱ्याएका रूख कटान गरेर हटाइएको सुपर भिजन कन्सल्टेन्सका एसिस्टेन्ड रेजिडेन्ट इन्जिनियर मोहन केसीले जानकारी दिनुभयो । करिब १२ रूख कटान गर्न बाँकी रहेका बताइएको छ । उहाँले भन्नुभयो, "बिजुलीको हाइटेन्सनका कारण उक्त रूख कटान गर्ने कार्य रोकिएको हो ।" पृथ्वीराजमार्गअन्तर्गत कास्कीमा पर्ने सडकको दायाँबायाँका पूरै रूख कटान गर्न बाँकी रहेको जनाइएको छ ।

वन कार्यालयसँग सम्झौता गरिसकिएकाले केही दिनभित्रै कटान कार्यलाई अघि बढाउने तयारी भइरहेको उहाँले बताउनुभयो । शुक्लागण्डकीको गाछेपानीदेखि थर्पुबजारसम्म स-साना खाल्डाखुल्डी पुर्ने र नाला सफाइ गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी मर्मतसम्भारअन्तर्गत गाछेपानीदेखि कोत्रेपुलसम्म कालोपत्र गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी पछिल्लो समय सडकको रुट तय गर्ने र समयसमयमा मर्मत गर्नुपर्ने कार्यलाई निरन्तरता दिइँदै आएको उहाँले जानकारी दिनुभयो । जिल्लाको खैरेनीटारदेखि पोखराको सेतीनदीसम्म (ठूला बजार) क्षेत्रमा ४६ मिटर, सडक फिलिङ गर्नुपर्ने क्षेत्रमा २३ मिटर र फराकिलो बनाउन कटिङ गर्न नमिल्ने क्षेत्रमा १८ मिटर सडक कायम गरिएको छ । जामुनेबाट कुम्लेखोला पुलसम्म करिब दश किलोमिटर सडकको डिजाइन गरी ठेकेदारले सुपरभिजन कन्सल्टेन्सलाई बुझाइएको कन्सल्टेन्सका रेजिडेन्ट इन्जिनियर कमल शाक्यले जानकारी दिनुभयो ।

VACANCY ANNOUNCEMENT

Global Mark education is an established multinational organization Providing genuine and quality education and migration services to the students who are willing to study in Australia for higher education. We are providing our Services from Australia, Sri Lanka, India and 4 different branches in Nepal: Kathmandu, Pokhara, Chitwan and Butwal. We are hiring following positions in our newly opening branch in Chipledhunga, Pokhara. so, if you think you are suitable for these positions, we highly encourage you to apply. If you have the skill and can-do attitude but no experience just apply, we will provide you training. Please send your Curriculum vitae (Resume) and a passport size photo by 4th Feb 2022 to Email: pokhara@gmeducation.com.au or globalmarkpokhara@gmail.com

**Note: Please mention the position you are applying for in the subject section of your email.**
**Position: Education Consultant/ Counsellor**
**The role will be full time (Sunday- Friday)**

**Duties:**
- Provide professional and genuine consultation to the students.
- Assist students to facilitate their admissions to various Australian College and Universities.
- Conduct Informational seminars/webinars for prospective students.
- Communicate with students in professional and timely manner.
- Keep record of students in our database.
- Coordinate with other staff members and Office manager to provide quality and appropriate service to the students.
- Assist in formulation of marketing strategies.

**Qualities:**
- Should be a Bachelor/Masters graduate
- Previous experience in education Counselling (Preferred but not compulsory)
- Be Self-motivated and able to achieve targeted goals.
- Good Communication and interpersonal skills (Should be fluent in English Speaking and writing both)
- Interest in a long-term careerBe proper organised, follow the procedures and able to perform the work under pressure and given deadlines.
- Be a QEAC(Qualified Education Agent Counsellor) or Willing to obtain QEAC( We will support you to obtain QEAC)

**Benefits:**
- Competitive salary with incentives as per company policy.
- Opportunity to build a career in the education/migration industry.
- Opportunity to be upskilled and well trained.

Position: Front Desk Officer

**Duties:**
- Receiving visitors at the front desk with greeting, welcoming, directing and serving them appropriately.
- Answering, screening and forwarding incoming phone calls.
- Send emails to the clients as per requirements.
- Perform other clerical receptionist duties.
- Documentation
- Other duties as required.

**Qualities required:**
- +2 Graduate or bachelor's degree running can apply
- Good communication skills
- Proficient in English writing skills with the command of spelling, grammar, and punctuation
- Proficiency with Microsoft Office Suite
- Professional attitude and appearance
- Punctual and willing to work in odd hours when needed

**Benefits:**
- Competitive salary with incentives as per company policy.
- Opportunity to build a career in the education/ migration industry
- Opportunity to be upskilled and well trained.

**Global Mark Education**
Chipledhunga, Pokhara, Ph. 061- 419023, 9856019073
Website: www.gmeducation.com.au

# कास्की क्लबस्तरीय टी-२० लिग च्याम्पियनसिप

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरा रंगशाला क्रिकेट मैदानमा शनिबार क्रिकेट प्रतियोगिता अन्तर्गत पहिलो दिनको खेल सम्पन्न भएको छ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदानमा शनिबारीय क्लबस्तरीय टी-२० लिग च्याम्पियनसिपको उदघाटन खेल सम्पन्न भएको हो।

सम्पन्न भएको खेलमा पोखरा क्रिकेट क्लबले सांग्रिला क्रिकेट क्लबलाई १५ रनले पराजित गर्‍यो। टस जितेर व्याटिङ रोजेको पोखरा क्रिकेट क्लबले २० ओभरमा १२८ रन बनायो। अनिल गुरुङले ५८ रन बनाए। उनी अन्तिम ओभरमा क्याच भए। पोखरा क्रिकेट क्लबले ९ विकेटको क्षतिमा १२८ रन बनाउने क्रममा अनिल बाहेक



अन्य व्याटरको योगदान उल्लेख्य देखिएन्। वाईनकिङ टी-२० कास्की जिल्लास्तरीय क्लब च्याम्पियनसिपमा सांग्रिलाका बलर तर्फ सुदिप पौडेलले तीन, राजु तामाङले तीन र विपिन खत्रीले दुई विकेट लिएका थिए। १२९ रनको लक्ष्य पछ्याएको स्प्रांग्रिला क्रिकेट क्लब १९.१ ओभरमा ११३ रनमा समेटियो। १९.१ ओभर खेल्ने क्रममा सांग्रिलाका लागि विराट दवाडीले १६, विपिन खत्रीले १५ र अरुण अधिकारीले १३ रनको योगदान दिए। पोखरा क्रिकेट क्लबका बलर अनिष खड्काले ३ सुवास भण्डारीले २, अनिल गुरुङले २ विकेट लिए। प्रतियोगितामा पोखरा क्रिकेट क्लबका अनिल गुरुङ म्यान अफ दि म्याच घोषित भए। संघको नयाँ नेतृत्वपछिको पहिलो कार्यक्रम अन्तर्गत क्लबस्तरीय टी-२० शनिबारीय लिग आयोजना गरेको हो। प्रतियोगिताको उदघाटन राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश गुरुङले गरेका थिए। आगामी फागुन १४ गते शनिबार दुई खेल खेलाईने छ। प्रतियोगिता ९ हप्ता चल्ने छ। प्रतियोगितालाई व्यवसायिक संस्था वाईन किङले मुख्य प्रायोजन गरेको छ। १४ गते अरण्यज्योतिले कास्की क्रिकेट क्लबसँग र राईजिङ क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबसँग प्रतिस्पर्धा गर्ने छ। कास्की जिल्ला क्रिकेट संघको अध्यक्ष सन्जयकान्त सिग्देलको अध्यक्षतामा भएको उदघाटन समारोहमा पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति पोखराका कार्यालय प्रमुख लक्ष्मण योगी, प्रशिक्षण विभाग प्रमुख कृष्ण तिमिल्सिना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँ, संघका उपाध्यक्ष दिपेन्द्रप्रताप चन्द लगायतले सम्बोधन गरेका थिए।

# नेपाली कांग्रेस बैदामको ३ नम्बर टोल समितिको सभापतिमा लामिछाने

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

नेपाली कांग्रेस, पोखरा महानगरपालिका वडा नं. ६ स्थित ३ नम्वर टोल समिति सभापतिमा विकास लामिछाने चयन भएका छन्। टोल समितिको शनिबार सम्पन्न दोश्रो अधिवेशनबाट लामिछानेलाई सर्वसम्मत सभापतिमा चयन भएका हुन्।

नवनिर्वाचित सभापति लामिछाने टोल भित्रका सबै कांग्रेसीहरुलाई गोलवन्द गर्दै अघि बढ्ने प्रतिवद्धता जनाए। उनले विगतका तुलनामा कांग्रेसको जनलहर बढ्दै गएको स्पष्ट पारे। टोलको उपसभापतिमा गिता देबी पहारी र विपिन पौडेल, सचिवमा शारदा लम्साल, कोषाध्यक्षमा सन्देश दहाल र सहसचिवमा आलोक पहारी चयन भएका छन्।

यसैगरी टोल समितिको कार्यसमिति सदस्यमा उमा लामिछाने, निर्मला बोगटी, भुपाल भित्राकोटी,विमल थापा, हेमराज पराजुलि र दिवश लामिछाने रहेका छन्। बैदाम क्षेत्रमा रहेका स्कुलपाटन, समिको पाटन, किमबारी र बाराही चोकलाई गोलबद्ध गरि टोललाई ३ नम्बर नामाकरण गरिएको सचिब प्रकाश न्यौपाने जानकारी गराए।



शनिबार नै इकाई ६ बैदामले टोलमा रहेका जेष्ठ नागरिक सदस्यहरुलाई दोसला ओढाइ सम्मान गरेको छ।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै नेपाली काग्रेस गण्डकी प्रदेश कार्यसमितिका सभापति शुक्रराज शर्माले पार्टीको सबैभन्दा महत्वपूर्ण मेरुदण्ड टोल समिति भएको बताए। आगामि बैशाख ३० गते हुने स्थानिय चुनाब को तयारिको लागि हरेक वडामा सबैले टोल समिति गठन गर्नु पर्ने ,जसले गर्दा तल्लो तहको समिति सम्म कांग्रेसका कामको बिषयमा जानकारी हुने उनको को भनाई थियो। कास्की काग्रेसका स.सचिब तथा वडा प्रतिनिधि शंकर ढुङ्गानाले नेपाली काङ्ग्रेसको हालको नितिनै पार्टी मजबुद बनाउने रहेकाकाले संगठनलाई सकृय बनाउने योजना रहेको बताए। उनले टोल समितिमार्फत नै पार्टीलाई बलियो बनाउँदै कांग्रेसलाई देशको अगुवा पार्टी बनाउन आवश्यक रहेको बताए।

नेपाली काङ्ग्रेस पोखरा महानगर पालिका ६ का सभापति सन्तोष पौडेलले आसन्न निर्वाचनलाई दृष्टिगत गर्दै कांग्रेसका सबै तह सक्रिय हुनुपर्ने बताए। उनले चुनावमा कांग्रेसका उमेदवारहरुलाई आफ्नो एजेण्डा सहित मतदाताहरको घरमा गई, बुझाउन सके मात्र जित सुश्चित हुने कुरामा सुझाब दिए।

टोल सभापति प्रभा पौडेल सुवेदीको सभा अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश प्रतिनिध देवेन्द्र के.सी, नगर सचिब गणेश बहादुर थापा, पूर्व महिला संघ सभापति अन्नपूर्ण कुवँर, बैदाम ६का नेविसघं सभापति विष्णु पहारी, क्षेत्रिय प्रतिनिधि बलराम गिरीर सल्लाहकार तेजनारायण पराजुलि लगाएतका बक्ताहरुले कांग्रेसको विभिन्न तहका समितिहरुले विधान अनुसार विभिन्न विभाग र समितिहरु समयमै गठन गर्न र नियमित बैठक गरेर समयानुकूल निर्णय गर्नुपर्ने खाँचों औल्याएका थिए।

# तीन दिने आधारभूत मौरीपालन तालिमबाट २४ जना लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरा महानगरपालिका २६ स्थित तालवेसीको कृषि संजालको आयोजनामा शनिबार सम्पन्न भएको तीन दिने आधार भुत मौरि पालन तालिमबाट २४ जना लाभान्वित भएका छन्।

स्थानिय मिलिजुली ताजा तरकारी कृषक समुह र औला खोर ढले पिपल कृषक समुहका २४ जना किसानले उक्त तालिमबाट लाभान्वित भएको संजालका संयोजक धर्मदत्त पौडेलले बताए। पोखरा २६ का वडा अध्यक्ष नारायण प्रसाद बरालले तालिमको समापन गर्दै तालिमबाट सिकेका कुरा आफ्नो घर परिवार सहित आफ्नो टोलमा समेत सिकाउन आग्रह



गरे।

संजालका संयोजक धर्मदत्त पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गार्डेन सिर्टी बि फार्मिङका प्रोपाइटर टेकमान गुरुङ, संजालका सदस्य बद्रीनाथ भण्डारी लगायतले वोलेको प्रशिक्षक मिलन गुरुङले बताए। तालिममा सहभागिहरुलाई दाताराम चापागाई, कमल बहादुर राना मगर, मिलन गुरुङ, मन्जु पौडेल, गोमा बरालले प्रशिक्षक गराएका थिए। उक्त संजालबाट ५० प्रतिशत सहुलियतमा मौरी घार समेत वितरण गरिएको मिलन गुरुङले जनाए। उक्त तालिममा प्राविधिक सहयोग गार्डेन सिर्टी बि फार्मिङले गरेको उनले जनाए।

## कांग्रेसको...

१४औं महाधिवेशनअन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही रौतहट, बारा, पर्सा, सिन्धुली मकवानपुर, सिन्धुपाल्चोक, चितवन, नवलपुर, बाँके, कैलाली र अछामको अधिवेशन हुन बाँकी छ। उल्लेखित १६ जिल्ला अन्तर्गत प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट निर्वाचित हुने महासमिति सदस्यको निर्वाचन हुन बाँकी भएमा सोही दिन सम्बन्धित क्षेत्रको महाधिवेशन प्रतिनिधिमध्येबाट महासमिति सदस्यको निर्वाचन समेत सम्पन्न गर्ने मिति तय गरिएको समिति सचिव केशव रिजालले जानकारी दिनुभयो।

जिल्ला कार्यसमितिको निर्वाचन सम्पन्न भइसकेको तर कुनै वडा, पालिका, प्रदेश सभा क्षेत्र र महासमिति सदस्यको निर्वाचन हुन बाँकी रहेका पद र तहको निर्वाचन तोकिएको मापदण्डभित्र रही फागुन १० गतेभित्र सम्पन्न गर्न समेत समितिले सम्बन्धित जिल्ला कार्यसमितिलाई अधिकार प्रत्यायोजन गरेको छ।

यसैगरी महोत्तरी क्षेत्र नं ३ प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति र सो क्षेत्रबाट निर्वाचित हुने महाधिवेशन प्रतिनिधिको निर्वाचन हुन बाँकी रहेकामा उक्त निर्वाचन फागुन १० गतेभित्र सम्पन्न गर्ने तय गरिएको उहाँले जानकारी दिनुभयो।

## एमसीसीले...

आमा समुहका अध्यक्ष कल्पना खड्का, मंचका उपाध्यक्ष प्रकाश नेपाली, स्थानिय राजेन्द्र अधिकारी लगायतले उक्त मैदान निमार्ण भएसंगै खेल पर्यटनको विकास हुने विश्वास व्यक्त गर्नु भएको छ।

त्यस्तै शनिबार मन्त्री बरालले पोखरा २३ स्थित घाटीछिनामा हाल प्रदेश सरकारबाट निर्माण हुदै गरेको सडकको अवलोकन गर्दै घाटीछिना, पखत, खुरपाखा कृषि सडक पोखरा २२ को पुम्दी भुम्दी हुर्दै सिद्धार्थ राजमार्गसंग जोड्नुपर्ने बताउनु भयो। कृषि र पर्यटनका दृष्टिले निकै महत्व रहेको उक्त बाटोको डिपिआर गरी यथा सिघ्र बुहबर्षीय योजनामा पार्न आफ्नो क्षेत्रबाट समेत पहल हुने मन्त्री बरालले विश्वास व्यक्त गर्नु भयो। घाटी छिना पखत खुरपाखा सडक निर्माण समितिका अध्यक्ष बिष्णु प्रसाद पौडेलले उक्त सडक बर्षादमा ठप्प हुने भएकोले यस बर्ष थप बजेटको व्यबस्थापन गर्न माग गर्नु भयो।

स्थानिय छविलाल अधिकारी, समितिका सचिव यामनाथ अधिकारी, सहसचिव मनिस पौडेल लगायतले पोखराको मुख्य बजार र फेवातालको नजिकै भएर पनि आफुहरु विकासमा पछि परेको मन्त्री समक्ष गुनासो गर्नु भएको थियो। मन्त्री बराललाई विभिन्न कार्यक्रममा फुलमाला तथा खादा लगायर स्वागत गरेका थिए भने सराङकोट चंखपुर सडक क्षेत्रका स्थानियले करिब ३ किलोमिटर सडक पैदल हिडाउदै कम्तिमा एम्बुलेन्स संचालन हुने वातावरण सृजना गर्न माग गरेका छन्।

# शिक्षासेवी पौडेलको आदर्श जीवन लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

शिक्षासेवी मोहनप्रसाद पौडेलको कविताकृति आदर्श जीवन लोकार्पण भएको छ। शनिवार भएको लोकार्पण कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष वरिष्ठ साहित्यकार दुर्गाबहादुर शाह बाबाले लोकार्पण गर्दै पौडेलका कवितामा जीवन जीउने कला पाइने भने।

वडा नं १९ का वडाध्यक्ष शोभामोहन पौडेलले पौडेलले आफ्नो सेवानिवृत्त जीवन साहित्य र समाजप्रति अर्पण गरेर आर्दश जीवनयापन गरी आदर्श समाजको कल्पना गर्न ठूलो सहयोग पुगेको वताए। कृति समीक्षा गर्दै समालोचक असफल गौतमले पौडेलको शैक्षिक, सामाजिक र आध्यात्मिक व्यक्तित्वसँगै साहित्यिक व्यक्तित्व थपिएको भने। कविताका सन्दर्भमा असफलले हामी हेर्दा सबै राम्रै राम्रा हुँदाहुँदै पनि समाज किन



नरामो लयमा अगाडि बढिरहेको छ अब सबैले आत्मसमीक्षा गरेर अगाडि बढौं भन्ने सन्देश कविताले दिएको गौतमले धारणा राखे। स्रष्टा मोहनप्रसाद पौडेलले सबैको सहयोगले कृतिले रूप पाएकाले कमी कमजोरीलाई औल्याएर आगामी दिनमा थप प्रेरणा दिनका लागि आग्रह गरे। स्रष्टा परिचय राख्दै दुर्गा गौतमले पौडेललाई सिर्जनशील व्यक्तित्वका रुपमा परिचित गराइन्। उनले २००१ सालमा घार्मीमा जन्मेका पौडेल लामो समय शिक्षण सेवामा आवद्ध रहेर सेवानिवृत्त जीवन समाजसेवा र साहित्यसेवामा लागेका स्रष्टाका रूपमा चिनाइन्। शुक्ला साहित्य प्रतिष्ठानका अध्यक्ष सुमनराज पौडेलले ७७ वर्षको उमेरमा साहित्य साधनामा लागेका मोहनप्रसाद पौडेललाई पछिल्लो पुस्ताका प्रेरणाको स्रोत र प्रतिष्ठानको गौरवका रुपमा रहेको औल्याए। कार्यक्रममा कृतिका प्रकाशक जयराम पौडेल, पोखरा विश्वविद्यालय साहित्य समाजका अध्यक्ष रोशन तिमिल्सिना, संस्थाका पूर्व अध्यक्ष कुलबहादुर केसी, इन्दु भट्टराई, समाजसेवी ऋषिराम सापकोटा लगायतले व्यक्तित्व र कृतित्वका बारेमा प्रकाश पारेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# घरविहीनले पाए घर

-तारानाथ आचार्य

बागलुङ, २९ माघ

जैमिनी नगरपालिका–८ छिस्तीका कृष्णबहादुर परियारको पाँच वर्षअघि घर भत्केको थियो । लामो समयसम्म घर बनाउन नसकेपछि उहाँ छिमेकीको घरमा बस्नुभयो । पत्नीको निधन भएपछि उहाँ तीन छोरा हुर्काउन मजदुरी गर्न बाध्य हुनुभयो । त्यसैले परियारले घर बनाउने न समय पाउनुभयो, न आर्थिक व्यवस्थापन नै गर्न सक्नुभयो ।

परियारको लामो समयदेखिको दुःखमा नगरपालिका साथी बनेको छ । जैमिनी नगरपालिकाले उहाँको घर बनाइदिएको छ । उहाँ मात्र हैन जैमिनीले घरविहीनको घर, सुकुम्बासीलाई जग्गा दिने अभियान चलायो । सुकुम्बासी पहिचान हुनका लागि भने तीन पुस्तादेखि जग्गा जमिन नभएको प्रावधान राखिएको छ । साथै, उनीहरूको घरजग्गा केही नभएको भन्ने वडाले सिफारिससमेत गरिदिनुपर्छ । यो अभियानमा नगरपालिकाले १०५ घरविहीन भेट्टाएको थियो । उनीहरूमध्ये अधिकांश घर बनाउने क्रममा रहेको नगरप्रमुख इन्द्रराज पौडेलले बताउनुभयो । "नगरपालिका अभिभावक हो भनेर उनीहरूको घर बनाउने र व्यवस्थापनमा साथ दिएका हौँ", उहाँले भन्नुभयो, "नगरपालिकाले पनि प्रशासकीय भवन बनाउँदैछ, हाम्रो घर बन्दा नगरमा कोही घरविहीन हुन नपरोस् ।" सुकुम्बासीतर्फ भने २२ जना मात्रै भेटिएको सामाजिक विकास शाखा प्रमुख देवी विकले बताउनुभयो । "घरै नभएकालाई रु दुई लाख दिएर बनाउन लगाएका छौँ", उहाँले भन्नुभयो, "काम गरेकालाई भुक्तानी पनि दियौँ ।" केहीले भने सम्झौता गरेर घर बनाउने तयारी गरेका छन् । कुश्मीसेरा बजारमा चुरापोते बेचेर जीवन चलाएकी एक मुस्लिम महिलाले पनि घर ठड्याएकी छिन् । मजदुरी गरेरै छोराछोरी पालेकी ती महिलालाई नगरपालिकाले घर बनाइदिएको हो । नगरपालिकाले खरका छाना विस्थापित गर्ने योजनामा पनि काम गरिरहेको छ । नगरभरि भेटिएका ८९८ खरका छानामध्ये अहिलेसम्म ४३४ छाना फेरिएको विकले जानकारी दिनुभयो । प्राविधिक मूल्याङ्कनका आधारमा नगरपालिकाले जस्तापाता किनेर दिएपछि घरवालाले छाउने प्रावधान छ ।

सहयोगले धेरैको मनोबल उकासिएको योजना अधिकृत प्रेम सापकोटा बताउनुहुन्छ । "दुई लाख सहयोग गर्दा श्रमदान जुटाएर दुइकोठे छाप्रो हाल्न सकेका छन्", उहाँले भन्नुभयो, "जग्गा नै नभएकालाई भने कम्तीमा एउटा घडेरी आउने गरी रु तीन लाख सहयोग गरिएको छ ।" ग्रामीण क्षेत्रको बारीमा घर बनाउन उक्त रकम पर्याप्त भएको उहाँले बताउनुभयो । राष्ट्रिय भूमि आयोग जिल्ला समितिले भने प्रारम्भिक अध्ययन गरेर पालिकाको भन्दा फरक तथ्याङ्क निकालेको छ । चार परिवार भूमिहीन दलित, २० भूमिहीन सुकुम्बासी र १८० अव्यवस्थित बसोबासी रहेको समितिले दिएको तथ्याङ्कमा उल्लेख छ । नगरपालिकाले भने वडा–वडामा पुगेर गरिएको तथ्याङ्कबाट पीडित पहिचान गरेर घर बनाइदिएको पौडेलले बताउनुभयो । आयोगका अनुसार बागलुङमा भूमिहीन सुकुम्बासीभन्दा अव्यवस्थित बसोबासी झण्डै दश गुणा बढी देखिएका छन् । प्रारम्भिक अध्ययनले जिल्लाभर ११० मात्रै भूमिहीन दलित र ३९३ भूमिहीन सुकुम्बासी रहेकोमा चार हजार ५२० अव्यवस्थित बसोबासी भेटिएका हुन् । "यो प्रारम्भिक अध्ययन हो", जिल्ला समन्वय समितिका सूचना अधिकारी दुर्गाप्रसाद शर्माले भन्नुभयो, "वास्तविक सुकुम्बासी धेरै नभएको भने प्रष्ट भएको छ ।"

दलित समुदायमा बढी सुकुम्बासी रहेको अनुमान गरे पनि भूमिहीन भने थोरै भेटिएका हुन् । आयोगले फेरि एकपटक वडा तहमा पुगेर अध्ययन गरेपछि वास्तविक तथ्याङ्क सार्वजनिक गर्ने जिल्ला समितिका अध्यक्ष धर्मबहादुर कुँवरले जानकारी दिनुभयो । भेटिएकामध्ये सबैभन्दा धेरै ढोरपाटन नगरपालिकामा अव्यवस्थित बसोबासी छन् । ढोरपाटनमा मात्रै एक हजार ८९२ अव्यवस्थित बसोबासी देखिएका छन् । निसीखोला गाउँपालिकामा ९४८ अव्यवस्थित बसोबासी छन् ।

# नेपाल युएईसँग पराजित

रासस

काठमाडौं, २९ माघ

चारदेशीय टी–ट्वान्टी क्रिकेट सिरिजअन्तर्गतको दोस्रो खेलमा नेपाल संयुक्त अरब इमिरेट् (युएइ) सँग पराजित भएको छ ।

ओमानको अल अमेरात क्रिकेट मैदानमा शनिबार भएको खेलमा नेपाल युएईसँग २५ रनले पराजित भएको हो । एक सय ९३ रनको विशाल लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १६७ रनमा समेटियो । नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४१ रनको योगदान दिए । ३३ बल खेलेका उनले पाँच चौकाको मद्दतमा ४१ रन जोडेका हुन् । त्यस्तै लोकेश बमले २१ बलमा ३३ रन जोडे । उनले दुई चौका र दुई छक्का प्रहार गरे । आसिफ शेखले २९ बलमा ३४ रन बनाए । उनले चार चौका र एक छक्का प्रहार गरे । ज्ञानेन्द्र मल्लले १९ बलमा २२ रन बनाउदा दुई चौका र एक छक्का हिर्काए । आरिफ शेखले ११ रन र शरद भेषावकले १० रन जोडे । युएईका रोहन मुस्तफा र कासिफ दाउदले समान दुई–दुई विकेट लिए भने जुनैद सिद्धिकीले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएइले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै १९२ रन जोड्यो । युएईका लागि चिराग सुरीले अविजित सर्वाधिक ८४ रनको योगदान गरे । उनले पाँच चौका र पाँच छक्का प्रहार गरे । रोहन मुस्ताफाले ३५ बलमा ४९ रन बनाए । उनले पाँच चौका र दुई छक्का हिर्काए ।

त्यस्तै मोहमद वासिमले १३ बलमा २२ रन जोडे । उनले एक चौका र दुई छक्का प्रहार गरे । मोहमद बुटाले १४ रन बनाए । नेपालका लागि कप्तान सन्दीप लामिछाने, आरिफ शेख र साहाव आलमले एक–एक विकेट लिए । नेपालले हिजो भएको पहिलो खेलमा ओमानलाई ६ विकेटले पराजित गरेको थियो । नेपालले चार देश सम्मिलित टी ट्वान्टी सिरिजमा अन्तिम खेल फागुन २ गते आयरल्यान्डसँग खेल्नेछ ।

# बेनी–जोमसोम खण्डमा धमाधम पक्की पुल बन्दै

रासस

बेनी, २९ माघ

कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला सडकमा कालीगण्डकी नदी र यसका सहायक नदीमा धमाधम मोटरेबल पुल निर्माण हुन थालेका छन् ।

केही वर्षअघिसम्म बेलीब्रिज र खोलाबाटै सवारी वारपार गर्दै यात्रा गर्नुपर्ने भए पनि अहिले भने धमाधम पक्की पुल बनेपछि आवतजावत सहज बन्दै गएको छ । कालोपत्रेसहित स्तरोन्नतिको काम अघि बढिरहेको सन्दर्भमा पक्की पुलसमेत निर्माण हुन थालेपछि बेनी–जोमसोम सडकखण्डको जोखिमपूर्ण अवस्था न्यूनीकरण हुँदै गएको छ । सडकखण्डअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिकास्थित पोखरेबगर र महभिरमा मोटरेबल पुल निर्माण सम्पन्न भएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरस्थित वडा नं २ र ६ को सिमानामा कालीगण्डकी नदीमा भौतिक योजना तथा यातायात मन्त्रालयअन्तर्गत पुल महाशाखाको पश्चिम क्षेत्र सेक्टर कार्यालयमार्फत ठेक्का लगाएर ७० मिटर लामो ११ मिटर चौडाइ भएको पक्की पुल निर्माण भएको छ । भ्याटसहित रु आठ करोड २४ लाखमा ठेक्का लिएको हिम–सगरमाथा–डाँफे–बज्रगुरु जेभीले कोरोना महामारीलगायतका कारण समयसीमाभन्दा केही थप समय लिएर पुल निर्माण सम्पन्न गरेको विभागका पश्चिम सेक्टर कार्यालयका इञ्जीनियर आशिक रिजालले जानकारी दिनुभयो । कोरोना महामारी, बाढीपहिरालगायत कारण निर्धारित समयमा सम्पन्न नभएपछि गत वर्ष पुस मसान्त २०७८ सम्म सम्पन्न गर्ने गरी एक वर्षको म्याद थप गरिएको थियो ।

यसअघि महभिरस्थित अन्नपूर्ण–७ र रघुगङ्गा गाउँपालिका–१ तिप्ल्याङ जोड्ने गरी कालीगण्डकी नदीमा समेत पक्की पुल निर्माण भइसकेको छ । ८० मिटर लामो र ११ मिटर चौडाइ भएको यो मोटरेबल पुल भ्याटसहित रु नौ करोड नौ लाखमा ठेक्का सम्झौता भएर काम गरिएको विभागले जनाएको छ । गत असोजमा नै काम सम्पन्न गरी हाल पुलमा यातायात सञ्चालन हुँदै आएको छ । पोखरेबगर र महभिरस्थित कालीगण्डकी नदीमा दुईवटा मोटरेबल पुल निर्माणका लागि विसं २०७४ फागुनमा हिम–सगरमाथा–डाँफे–बज्रगुरु जेभीले ठेक्का लिएको थियो । एघार–एघार मिटर फराकिलो दुईवटै पुल निर्माणका लागि ठेकेदार आफैँले डिजाइनसमेत गरी पुल निर्माण गरेको हो । विसं २०६४ मा मार्ग खुलेको बेनी–जोमसोम सडकको महभिर र पोखरेबगरमा यसअघि फलामको बेलीब्रिजबाट सवारीसाधन वारपार गर्दै आएका थिए । दुई वर्षको ठेक्का अवधि भए पनि कोरोना महामारी, निषेधाज्ञा र बाढी पहिराका कारण निर्माणको समय एक वर्षपछि धकेलिए पनि सरकारले थप गरेको समयसीमाभित्रै पुल निर्माणको काम सकिएको निर्माण कम्पनीले जनाएको छ ।

गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको उत्तर–दक्षिण जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनीबाट कोरला नाका जोड्ने सडकमा नौवटा मोटर चल्ने पुल निर्माण सम्पन्न भएका छन् । एक सय ८६ किलोमिटर दूरीको बेनी–जोमसोम–जोमसोम–कोरला सडक आयोजनाअन्तर्गत थप १२ वटा पुल निर्माणाधीन रहेको आयोजना प्रमुख जगत् प्रजापतिले जानकारी दिनुभयो । उहाँका अनुसार थप पाँच ठाउँमा पुल निर्माणको लागि प्रस्ताव गरिएको छ ।

# किशोरावस्थामै आमा

पोखरापत्र संवाददाता

म्याग्दी, २९ माघ

पन्ध्र वर्षको उमेरमा म्याग्दीको धवलागिरि गाउँपालिका–७ ताकमका जलन विकसँग बिवाह गरेकी ३१ वर्षिया सुस्मिता बिकले पाँच सन्तान जन्माउनुभयो । उहाँ १६ वर्षमै आमा बन्नुभयो । सुस्मिताको कान्छो छोरा अहिले तीन वर्षको हुनुभयो ।

"सानै उमेरमा बिवाह गर्दा र छिटो छिटो बच्चा जन्माएका कारण पाठेघर खस्ने समस्याबाट पिडित हुनुपरेको छ," दृष्टिविहिन सुस्मिताले भन्नुभयो "अहिले श्रीमानले पनि छोडेर जानुभयो । सडकमा गीत गाएर छोराछोरी पाल्नुपरेको छ ।" यस्तै रघुगङ्गा गाउँपालिका–३ पिप्लेकी ३१ वर्षीया मनिषा विश्वकर्माले पनि चार सन्तान जन्माइसक्नुभएको छ । छोरा जन्माउने आशमा परिवार नियोजनका साधन प्रयोग नगरेको उहाँ बताउनुहुन्छ । ज्याला मजदुरी गरेर परिवार पाल्दै आएकी विक बालबच्चाको पालनपोषण र शिक्षादिक्षामा समस्या भए पनि छोरालाई मान्यता दिने गलत सामाजिक मान्यताका कारण धेरै बच्चा जन्माएको बताउनुहुन्छ ।

ताकमकी सुस्मिता र मनिषा जस्तै कम उमेरमा बिवाह गर्ने, छिटो छिटो र धेरै बच्चा जन्माउने समाजमा धेरै छन् । शारिरिक तथा मानसिक रुपमा परिपक्क नभई सन्तान जन्माउँदा आमा र बच्चाको स्वास्थ्य जोखिममा पर्ने बेनी अस्पतालका प्रमुख चिकित्सक डा जितेन्द्र केँडेलले बताउनुभयो । कानुन अनुसार २० वर्ष नपुगी विवाह गर्न पाईदैन । बेनी जिल्ला अस्पतालको पछिल्लो दुई वर्षको अभिलेखमा गर्भ जाँच गराउने, गर्भपतन गराउने र स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने २० वर्षमुनिका किशोरीको संख्या अत्यधिक छ । आर्थिक वर्ष २०७६/७७ मा बेनी अस्पतालमा २० वर्षमुनिका १४९ किशोरी सुत्केरी भएका थिए ।

सोही आवमा ३२ किशोरीले बेनी अस्पतालमै औषधि सेवन गरी गर्भपतन गराएकामा आठ किशोरीको शल्यक्रिया गरी गर्भपतन गराउनुपरेको थियो । त्यसैगरी आव २०७७/७८ मा २० वर्षमुनिका १२४ किशोरीले बेनी अस्पतालमा गर्भ परीक्षण गराएकामा ९७ ले मात्र सुत्केरी सेवा लिएर आमा बने । सोही अवधिमा ११ किशोरीले सुरक्षित गर्भपतन गराएका थिए । गर्भपतन गराएका मध्ये सात किशोरीको शल्यक्रिया गरिएको थियो ।

जिल्लामा बालविवाह नरोकिनुमा चेतनास्तरलाई मात्र हेरिएको छैन । मेलाजात्रा लगाउने सामाजिक परम्परा, गरिबी, इन्टरनेटको बढ्दो कुलत र गलत सङ्गतलाई जिम्मेवार मानिएको छ । जिल्ला प्रहरीमा पछिल्ला दुई आर्थिक वर्षमा एक–एक वटा मात्र बालविवाहका मुद्दा दर्ता भएका छन् ।

# आइतबारदेखि प्राकृतिक तातोपानी कुण्ड र शिक्षण संस्था खुल्ने

पोखरापत्र संवाददाता

म्याग्दी, २९ माघ

कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर ओमिक्रोन सङ्क्रमणका कारण म्याग्दीमा बन्द रहेका सबै क्षेत्र फागुन १ गतेदेखि खुला गरिने भएको छ । कोरोना रोकथाम र नियन्त्रणका लागि जनस्वास्थ्यका मापदण्ड पालना गर्दै आइतबारदेखि नियमित सञ्चालन गर्न दिने निर्णय भएको जिल्ला कोभिड व्यवस्थापन समिति (डिसिएमसी) ले जनाएको छ । शुक्रबार बसेको डिसिएमसीको बैठकले कोरोनाको जोखिम कायमै रहे पनि लामो समयसम्म बन्दलाई निरन्तरताभन्दा जनस्वास्थ्यका मापदण्डको अनिवार्य पालनासहित खुल्ला गर्ने निर्णय गरिएको संयोजक एवम् प्रजिअ चिरञ्जीवी रानाले बताउनुभयो । "कोरोनाको जोखिम अझै टरेको छैन्, सेवा सुचारु गरे पनि मापदण्डलाई कडाइका साथ पालना गर्नुपर्छ", प्रजिअ रानाले भन्नुभयो । जिल्लाभित्र खोपको पहुँचमै नपुगेका तथा दोस्रो र बुस्टर डोज नलगाएकालाई अनिवार्य खोप अभियानमा सहभागी हुनसमेत अपिल गरिएको छ ।

त्यस्तै समूहमा खेलिने खेलमा भने क्षमताको जम्मा २५ प्रतिशत मात्रै उपस्थितमा सञ्चालन गर्न पाइने भएको छ । खुल्ला गरिएको क्षेत्रका साथै सरकारी, वित्तीय तथा भीडभाड हुने होटेल, रेष्टुरेन्ट तथा सार्वजनिक क्षेत्रमा सेवा लिन भने सेवाग्राहीले अनिवार्य खोप लगाएको कार्ड देखाउनुपर्ने जनाइएको छ । यसैबीच बेनी नगरपालिका–४ मा रहेको प्राकृतिक चिकित्सालय तातोपानी कुण्डमा स्वास्थ्य मापदण्ड पूरा गरेका र कोरोनाको खोप कार्ड भएका, ज्वरो, रुघाखोकी नभएकालाई कुण्डमा स्नान गर्न पाउने कुण्ड व्यवस्थापन समितिले जनाएको छ । कुण्डमा नेपालका विभिन्न जिल्लाका साथै छिमेकी राष्ट्र भारतको सिक्किम राज्यबाट समेत नियमित आउने भएकाले जनस्वास्थ्यको पालनालाई अनिवार्य गरिएको कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो । अस्पतालमा प्याथोलोजी र आयुर्वेदिक उपचार पद्धतिबाट समेत रोग निको नभएकाले ३० हजारभन्दा बढी बिरामी वार्षिक रूपमा तातोपानीमा स्नान गर्न आउँछन् ।

# रात्रिकालीन व्यवसाय संचालन हुँदै

रासस

काठमाडौं, २९ माघ

कोभिड–१९को तेस्रो लहरको जोखिम बढेसँगै बन्द भएका शैक्षिक संस्था, रात्रिकालीन व्यवसाय रेष्टुरेन्ट, डान्स बारलगायत व्यवसाय पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै आइतबारदेखि सञ्चालन हुँदैछन् ।

कोभिड–१९स्वास्थ्य सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी)को सिफारिस अनुसार डान्सबार, दोहोरी, नाचघर, लाउन्ज, पब, क्लबलगायत रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिमखाना, स्विमिङपुल तथा फुटसल, जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरी फागुन १ गतेदेखि राति १० बजेमा नबढ्ने गरी सञ्चालन हुन लागेका हुन् ।

सिसिएमसीले विश्वविद्यालय, विद्यालय, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरू, जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी फागुन १ गतेदेखि सञ्चालन गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गृह मन्त्रालयलाई गत साता सिफारिस गरेको थियो ।

# दाताको सहयोगमा विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता

बागलुङ, २९ माघ

ब्रिटिस गोर्खा वेलफेयर ट्रस्टको सहयोगमा निसिखोलामा १३ कोठे विद्यालय भवन निर्माण गरिएको छ । बागलुङको निसीखोला गाउँपालिका–३ झिवाखोलास्थित प्रभा माध्यमिक विद्यालयमा वेलफेयरले १३ कोठे भवन निर्माण सम्पन्न गरेर हस्तान्तरण गरेको छ ।

बेलायती नागरिक रब अबरेन्ट्रीको आर्थिक सहयोगमा ब्रिटिस गोर्खा वेलफेयर ट्रस्टले उक्त विद्यालय भवन निर्माण गरेको हो । दातृ संस्था गोर्खा वेलफेयर ट्रष्ट नेपालले प्रभा माविको रु दुई करोड तीन लाख लागतमा १३ कोठाको विद्यालय भवन निर्माण गरेको विद्यालयका प्रधानाध्यापक नवराज आचार्यले जानकारी दिनुभयो ।

विद्यालयको भौतिक अवस्था निकै जीर्ण रहेकाले हाम्रो अनुरोधमा ट्रस्टले एक वर्षको अवधिमा उक्त भवन निर्माण सम्पन्न गरेर विद्यालयलाई हस्तान्तरण गरेको आचार्यको भनाइ छ । भवन निर्माणका लागि सरोकारवाला निकायको पटकपटक ध्यानाकर्षण गराउँदा पनि काम नभएपछि ब्रिटिस गोर्खा वेलफेयर ट्रष्ट नेपालमा सहयोगका लागि आग्रह गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष रमेशविक्रम शाहीले जानकारी दिनुभयो । विद्यालय भवन निर्माणका लागि सहयोग गरेका रब आएर पुनः ६० लाख बराबरको अन्य संरचना निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धतासमेत जनाइसक्नुभएको छ । विद्यालयमा अहिले पनि ६७५ विद्यार्थी अध्ययनरत रहेका छन् । विसं २०१७ मा स्थापना भएर अहिले कक्षा १२ सम्म अध्यापन हुँदै आएको उक्त विद्यालयमा कक्षा ९ देखि १२ सम्म दुई/दुईवटा कक्षा छुट्याएर अध्यापन गराइरहेको विद्यालयले जनाएको छ । भौतिक पूर्वाधार निर्माणपछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सहज भएको विद्यालयले जनाएको छ ।


